# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८ ] काठमाडौं ज्येष्ठ २० गते २०१५ साल [ संख्या ८

### कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागी प्रकाशित गरिएकोछ—

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कमाण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज-महेन्द्रवीरविक्रम जङ्गबहादुर शाह-बहादुर शमशेर जङ्गदेवानां सदा समरविजयिनाम् ।

### २०१५ सालको ऐन नं. ४

**विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियन्त्रण, निषेध वा नियमित गर्ने ऐन**

नेपाल राज्यमा विदेशीहरूको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियन्त्रण, निषेध वा नियमित गर्नको निमित्त उचित व्यवस्था गर्नु आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ ।



१६०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः— (१) यस ऐनको नाम विदेशीहरु सम्ब- निमित्त ऐन, २०१५ रहेकोछ।

(२) यो ऐन नेपाल भरमुलुक लागू हुनेछ।

(३) यो ऐन सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकि दिएका मिति देखि लागू हुनेछ।

२. परिभाषाः— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "विदेशी" भन्नाले तत्काल नेपालको नागरिक नभएको जुनसुकै व्यक्तिलाई संझनु पर्छ।

(ख) "तोकिएको" वा तोकिए बमोजिमको भन्नाले यो ऐन अन्तरगत निकालिने आदेशहरुद्वारा तोकिएको वा तोकिए बमोजिमका संझनुपर्छ।

(ग) "निर्देश गरिएको" भन्नाले तोकिएको अधिकारीद्वारा निर्देश गरिएको संझनुपर्छ।

३. आदेशहरू निकाल्ने अधिकारः— (१) सरकारले आदेश जारी गरी सामान्य तवरले सब विदेशीहरूको वा कुनै एक खास विदेशीको वा कुनै खास वर्ग वा वर्णनका विदेशीहरूको नेपाल राज्यमा प्रवेश, उपस्थिति वा प्रस्थानलाई मनाही, नियमित वा नियन्त्रित गर्न सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर यस दफा अन्तरगत निकालिने आदेशहरूमा देहायका सबै व केही कुराहरूका निमित्त व्यवस्था गर्न सकिनेछः-

(क) कुनै विदेशी नेपाल राज्यभित्र प्रवेश गर्न नपाउने वा तोकिएको समयमा तोकिएको मार्गबाट तोकिएको ठाउँमा मात्र प्रवेश गर्न पाउने र प्रवेश गरेपछि तोकिएका शर्तहरूको पालन गर्नु पर्ने।

(ख) कुनै विदेशी नेपाल राज्यबाट प्रस्थान गर्न नपाउने वा तोकिएको समयमा तोकिएको मार्गबाट तोकिएको ठाउँबाट तोकिएका शर्तहरुको पालन गरेर मात्र प्रस्थान गर्न पाउने।

(ग) कुनै विदेशी नेपाल राज्यभित्र वा नेपाल राज्यभित्रको कुनै तोकिएको क्षेत्रमा रहन नपाउने।

(घ) कुनै विदेशीले नेपाल राज्यको कुनै तोकिए बमोजिमको क्षेत्रमा गई बस्नु पर्ने।

(ङ) कुनै विदेशीले देहायका शर्तहरू मध्ये तोकिएको वा निर्देश गरिएको शर्तहरू पालन गर्नु पर्ने :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) कुनै खास स्थानमा बसोबास गर्न ।

(२) गतिविधिमा लगाइएको कुनै प्रतिबन्धमा रहने ।

(३) तोकिएको वा निर्देश गरिएको अधिकारीलाई तोकिएको वा निर्देश गरिएको तरीकाबाट तोकिएको वा निर्देश गरिएको स्थान र समयमा तोकिए वा निर्देश गरिए बमोजिमको आफ्नू हुलियाको सबुद र अरू बिवरणहरू दिने ।

(४) तोकिएको वा निर्देश गरिएको अधिकारीलाई तोकिएको वा निर्देश गरिएको स्थान र समयमा आफ्नो दस्तखत र दस्तखतको नमुना र आफ्नो फोटो र ल्याप्चे छाप दिने

(५) तोकिएको वा निर्देश गरिएको स्थान, समयमा तोकिएका अधिकारीलाई तोकिए वा निर्देश गरिए बमोजिमका स्वास्थ्य जाँच गर्न दिने ।

(६) तोकिएको वा निर्देश गरिएको किसिमका व्यक्तिहरूसंग संपर्क राख्न नपाउने ।

(७) तोकिएको वा निर्देश गरिएको कार्यहरूमा लाग्न नपाउने ।

(८) तोकिएको वा निर्देश गरिएको वस्तुहरू राख्न वा प्रयोग गर्न नपाउने र,

(९) तोकिएको वा निर्देश गरिएको कुराहरूमा आफ्नो आचरण नियमित गर्ने ।

(च) कुन विदेशीले तोकिएको वा निर्देश गरिएको सबै वा केही प्रतिबन्ध वा शर्तहरूको उचित पालनको निमित्त वा ती प्रतिबन्ध वा शर्तहरु पालन गर्नुको बदलामा जमानी दिई वा नदिई कागज गर्नु पर्ने ।

(छ) राजनीतिमा भाग लिन नपाउने ।

(ज) कुनै विदेशीलाई पक्राउ गर्ने रोक्का गर्ने वा थुनामा राख्ने, र यो ऐनलाई कार्यान्वित गर्नको निमित्त सरकारको विचारमा आवश्यक तथा उचित देखिएका आकस्मिक वा पूरक कुराहरूको निमित्त व्यवस्था गर्न सकिने ।

(३) कुनै खास विदेशीको संबन्धमा यस कामको निमित्त तोकिएको कुनै अधिकारीले माथि उपदफा (२) को खण्ड (ङ), (च), (छ) वा (ज) अन्तरगत आदेशहरू निकाल्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. नजरबन्दी

(१) दफा ३ को उपदफा (२) को खण्ड (ज) अन्तरगत रोक्ने वा थुन्ने आदेश भएको विदेशी (यसपछि नजरबन्दी भनिएको) लाई गुजारा, अनुशासन बारे र कसूर गरेमा वा अनुशासन भङ्ग गरेमा हुने सजाय बारे सरकारले समय समयमा तोकिदिएका शर्तहरूका अधिनमा रहनुपर्ने गरी तोकिएको ठाउँमा तोकिएको तरीकाबाट रोक्कामा वा थुनामा राखिनेछ।

(२) दफा ३ को उपदफा (२) को खण्ड (ङ) अन्तरगत कुनै खास स्थानमा बस्ने आदेश भएको विदेशी (यसपछि पेरोलमा रहेको व्यक्ति भनिएको) सो स्थानमा बस्दा गुजारा, अनुशासन बारे र कसूर वा अनुशासन भङ्ग गरेमा हुने सजाय बारे सरकारले समय समयमा आदेश निकाली तोकिदिएका शर्तहरूको अधिनमा रहनु पर्नेछ।

(३) कुनै व्यक्तिले पनि—

(क) जानी जानी कुनै नजरबन्दी वा पेरोलमा राखिएको व्यक्तिलाई हिरासतबाट वा नीजलाई बसोबास गर्न ठेकिएको ठाउँबाट भग्नमा मद्दत दिन वा

(ख) कुनै भागेका नजरबन्दी वा पेरोलमा राखिएको व्यक्तिलाई जानी जानी आश्रय दिन वा नीजको पक्राउमा बाधा डाल्ने, बचाउने वा हस्तक्षेप गर्ने नियतले कुनै मद्दत दिन हुदैन।

(४) सरकारले आदेश निकाली नजरबन्दी वा पेरोलमा रहेका व्यक्तिहरूलाई रोक्का वा नियन्त्रणमा राखिएको ठाउँहरूमा प्रवेशगर्ने कुरालाई र प्रवेशगर्ने व्यक्तिहरुले सो ठाउँमा प्रवेश गरेपछि राख्नुपर्ने आचरण नियमित गर्ने कुरामा व्यवस्था गर्न सक्नेछ।

५. नियमहरू बनाउने सरकारको अधिकार:—[१] यो ऐनको उद्देश्यपूरा गर्नको निमित्त सरकारले समय समयमा नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी खास गरेर देहायका सबै वा केही विषयहरूमा नियमहरु बनाउन सकिनेछ।

(क) नेपाल राज्यभित्र प्रवेश गर्ने वा उपस्थित रहेका कुनै विदेशीले आफ्नो उपस्थितिको सूचना तोकिएको समयमा तोकिएको तरिकाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बिवरण सहित तोकिएको अधिकारीलाई तोकिएको तरीकाबाट दिनु पर्ने,

(ख) नेपाल राज्यभित्रको एक स्थानबाट अर्को स्थानमा जाने विदेशीले सो स्थानमा पुगेपछि आफ्नो उपस्थितिको सूचना तोकिएको समयमा तोकिएबमोजिमको बिवरण सहित तोकिएको अधिकारीलाई तोकिएको तरीकाबाट दिनु पर्ने,

(ग) नेपाल राज्यबाट प्रस्थान गर्न लागेको कुनै विदेशीले आफ्नु प्रस्थान गर्ने विचार गरेको मिति र अरू तोकिए बमोजिमका बिवरणहरू तोकिएको अधिकारीलाई आफ्नो प्रस्थान भन्दा अगावै तोकिएको समयमा दिनु पर्ने।

(घ) नेपाल राज्यभित्र प्रवेश गर्ने नेपाल राज्यभित्र उपस्थित रहेको वा नेपाल राज्यबाट प्रस्थान गर्न लागेको कुनै विदेशीले आफ्नो हुलिया तोकिए बमोजिमको प्रमाण तोकिएको अधिकारीले मागेमा नीज छेउ पेश गर्नु पर्ने, र

(ङ) कुनै होटल वोर्डिङ्ग हाउस वा सो ही किसिमका अरू घरहरूको प्रवन्ध गर्ने कुनै व्यक्तिले त्यस्तो आफ्नो प्रबन्धमा रहेका कुनै होटल, वोर्डिङ्ग हाउस वा अरू घरहरूमा कुनै विदेशी कुनै समयको निमित्त बसि रहेको भए त्यसको सूचना तोकिएको समयमा तोकिए बमोजिमको बिवरण सहित तोकिएको अधिकारीलाई तोकिएको तरीकाबाट दिनु पर्ने।

६. प्रमाण पेश गर्ने अधिभार:— यो ऐन वा यस ऐन अन्तरगत निकालिने कुनै आदेश वा नियमका सम्बन्धमा कुनै व्यक्ति बिदेशी हो वा होइन वा कुनै खास वर्ग वा बर्णनको बिदेशी हो वा होइन भन्ने प्रश्न उठेमा सो व्यक्ति बिदेशी हो होइन वा कुनै खास वर्ग वा बर्णनको बिदेशी हो होइन भन्ने कुराको प्रमाण सोही व्यक्तिले पुऱ्याउनु पर्नेछ।

७. कुनै विशेष बिदेशीके सम्बन्धमा यो ऐन लागु नहुने वा संशोधित भइ लागु हुने गर्ने सरकारको अधिकार:— सरकारले आदेशद्वारा यो ऐन वा यस ऐन अन्तरगत निकालिने कुनै आदेश वा नियमहरूका सबै वा केही कुराहरू कुनै एक बिदेशी वा कुनै वर्ग वा बर्णनका विदेशीहरू उपर लागू नहुने गरी वा तोकिए बमोजिम संशोधित भई वा तोकिएका शर्तहरू बमोजिम मात्र लागू हुने गरी घोषित गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. आदेश निर्देश इत्यादिलाई कार्यान्वित गर्ने गराउने अख्तियारः— (१) यस ऐनका दफाहरु द्वारा कुनै निर्देश दिन वा कुनै अधिकारको प्रयोग गर्ने अख्तियार पाएका अधिकारीको विचारमा निजले दिएको निर्देश पालन गराउनको निमित्त वा उल्लंघन हुनबाट रोक्न वा उल्लंघन भइसकेकोलाई सच्याउनको निमित्त वा आफ्नो त्यस्तो अधिकार पूरा तवरले कार्यान्वित गर्नको निमित्त आवश्यक देखेमा यस ऐनले स्पष्ट तोकिएको अरु कुनै कारवाईको अतिरिक्त नीजले मनासीब अरू कुनै काम कारवाई गर्न गराउन वा अरुकुनै शक्ति प्रयोग गर्न गराउन पनि सक्नेछ ।

(२) यस दफा अनुसार अधिकार दिइएको अधिकारीलाई यो दफा बमोजिम काम गर्नु पर्दा जुनसुकै घर जग्गा जमीन व अरू सम्पत्तिमा प्रवेश गर्न पाउने अधिकार रहनेछ ।

९. अख्तियार सुम्पने अधिकारः— स्पष्ट रुपले कुनै विपरित व्यवस्था भएकोमा वाहेक यो ऐन वा यस ऐन अन्तरगत निकालिने कुनै आदेश वा नियम द्वारा कुनै निर्देश, स्वीकृति वा अनुमति दिन वा अरु कुनै काम गर्न अख्तियार पाएका कुनै अधिकारीले आफ्नो मातहतको कुनै अधिकारीलाई केही शर्त राखी वा नराखी सो अख्तियार आफ्नो सट्टामा प्रयोग गर्ने अधिकार लिखित रुपमा सुम्पन सक्ने छ र त्यसपछि सो मातहतका अधिकारीलाई यस ऐनद्वारा वा यस ऐन अन्तरगत अधिकार पाएको अधिकारी मानिनेछ ।

१०. यस ऐनका कुराहरू उल्लंघन गर्न प्रयत्न गर्ने इत्यादि बारे:— (१) कुनै व्यक्तिले यो ऐन वा यस ऐन अन्तरगत निकालिने कुनै आदेश वा नियम वा त्यस अन्तरगत दिइएको कुनै निर्देश उल्लंघन गर्न प्रयत्न गरेमा वा उल्लघन गर्नमा प्रोत्साहन वा प्रोत्साहन दिने प्रयत्न गरेमा वा उल्लंघन हुने गरी कुनै काम गरेमा वा त्यस्तो कुनै आदेश वा नियम अनुसार दिइएको कुनै निर्देशको पालन नगरेमा नीजले यस ऐनका दफाहरू उल्लंघन गरेको मानिनेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तरगत निकालिने आदेश वा नियम वा त्यस अन्तरगत दिइएको कुनै निर्देशलाई कुनै व्यक्तिले उल्लंघन गरेको छ भनी जानी जानी वा विश्वास गर्नु पर्ने मनासीव माफिकको कारण भइकन पनि सो उल्लंघन गर्ने बापतको त्यस्ता व्यक्तिको गिरफ्तारी मुद्दाको

१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन, सर्वसाधारण जनताको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिप्रोज्ज्वल त्रिभुवन प्रजातन्त्रश्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम्।

### २०१५ सालको ऐन नं. ५

## लालमोहरको कार्यावधि नियमित गर्न बनेको ऐन

लालमोहरको संरक्षण र त्यसको प्रयोग विधि नियमित गर्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः-(१) यस ऐनको नाम लालमोहर ऐन, २०१५ रहेको छ।

(२) यो ऐन नेपाल राज्यभर तुरुन्त लागू हुनेछ।

२. लालमोहरको, प्रकार र संरक्षणः (१) लालमोहर छाप देहायका प्रकारको हुनेछन्।

जस्तैः

(क) श्री ५ महाराजाधिराजको नाम सहितको ठूलो,

(ख) 'दुर्गा भवानी' लेखिएको र

(ग) बान्हराशी,

(२) लालमोहर छापहरु श्री ५ महाराजाधिराजबाट तोकिबक्सेको व्यक्तिको जिम्मा रहनेछ।

३. लिखितहरुमा लाग्ने लालमोहर किसिमः-निम्नलिखित विषयमा लिखितको शिरमा निम्न किसिमका लालमोहर छाप लगाइनेछ।

(क) नेपाल कानूनले लालमोहर हुन पर्ने अदालति दंड सदर गर्ने आदेशमा र कुमारीचोकको फरफारकमा दुर्गा भवानी,

१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) लालमोहरद्वारा गर्नुपर्ने पदको नियुक्ति पत्रमा र विदेशको लागि राजदूत नियुक्ति पत्रमा वान्हराशी ,

(ग) देहायका लिखितहरूमा प्रशस्ति सहितको ठलो ।

(१) ऐन र देशको अनुमानित आय व्ययको स्वीकृति रिपोर्टमा

(२) खंड (क) र (ख) र (ग) का उपखड (१) मा लेखिए बाहेक लालमोहर हुन पर्ने अन्य लिखितमा

४· कार्यविधिः (१) दफा ३ बमोजिम,लालमोहर लगाउनु पर्ने प्रत्येक लिखत सरकारका सम्बन्धित मन्त्रालयका सेक्रेटरीले पांच प्रति तयार पारी आफ्नो सहिछाप गरी प्रमुख सेक्रेटरी कहाँ पठाउनु पर्छ । प्रमुख सेक्रेटरीले आफ्नो सहिछाप गरी मन्त्रिमण्डल रहेको अवस्थामा प्रधानमन्त्रीको समेत सहिछाप गराई श्री ५ महाराजाधिराजका प्रमुख सचिवकहाँ पेश गर्नु पर्छ।

तर सबै विधेयकहरूमा कानून सेक्रेटरीले र फरफारवको लालमोहरमा सम्बन्धित कुमारीचोकका हाकिम र एकाउन्टेन्ट जनरलले समेत सहिछाप गर्नेछन् ।

(२) श्री ५ महाराजाधिराजको स्वीकृति प्राप्त भएपछि त्यस्तो प्रत्येक लिखितमा श्री ५ महाराजाधिराजका प्रमुख सचिव र मिलेटरी सेक्रेटरीको सहिछाप हुनेछ र त्यसपछि १ प्रतिमा दफा ३ अनुसार लालमोहर लाग्नेछ।

तर सरकारको पूर्व स्वीकृति नभएको कुन त्यस्ता कुरा लेखिएका लिखितमा लालमोहर लाग्ने छैन ।

५· लालमोहर लागेका लिखतको संरक्षणः- (१) लालमोहर लागी सकेको प्रत्येक लिखतको वाजाफता नकल प्रति ३ श्री ५ महाराजाधिराजका सचिव कहां रहनेछ ।

(२) चौथो प्रति वाजाफता नक्कल र लालमोहर लागेको सक्कल लिखत प्रमुख सेक्रेटरी कहाँ वापस आउनेछ र प्रमुख सेक्रेटरीले नक्कल प्रति आफूकहां राखी आवश्यक कारबाईको निमित्त सक्कल लालमोहरहरू मध्ये ऐनको लालमोहर जति कानून सचिवालयमा र अरु लालमोहर सम्बन्धित मन्त्रालयमा पठाउनेछन् ।

६· सरकारको नियम बनाउने अधिकारः- सरकारले यस ऐनको उद्देश्य पूर्तिका लागी आवश्यक नियम बनाउन सक्ने छ ।

१६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. **खारेजी:-** मुलुकी ऐन "कागज जांचको" नम्बर १,२,३,१० र ३१, २०० साल फाल्गुन ७ गते देखि नै खारेज गरिएकोछ।

८. **बचाउ:-** २००७ साल फाल्गुन ७ गते देखि यो ऐन प्रारम्भ भएको अघिल्लो दिन सम्म जुन लिखतमा जुनरूपमा लालमोहर सदर भएको छ सो लिखत सोही रूपमा रीतपूर्वक लालमोहर सदर भएको मानिनेछ।

लालमोहर सदर मिति २०१५।१।१८।४ मा

आज्ञाले—
नयनबहादुर खत्रिक्षेत्री
सचिवः—कानून तथा संसदीय प्रबन्ध मन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

१६६०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।